# मिति २०७५/०४/३१ गते बसेको सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठकका निर्णयहरू

बैठक संख्याः ०७५/७६—२

**निर्णय नं १**

जिल्ला पशु सेवा कार्यालय सल्यानबाट नियुक्त भइ सिद्ध कुमाख गाउँपालिका अन्तर्गतको पशु सेवा केन्द्रमा निरन्तर रुपमा कार्यरत कार्यालय सहयोगी श्री हिम बहादुर बुढाथोकीको करार म्याद २०७५ असार मसान्तमा समाप्त भएको र जिल्ला कार्यालयबाट म्याद थप नभएकोले निजको तलब भत्ता मासिक तलब रु १३,०००।- (तेह्र हजार मात्र) र अन्य सुविधा करार सम्झौतामा उल्लेख भए अनुसार हुने गरि करार अवधि २०७५ मसान्त सम्म थप गर्ने सर्वसम्मतिले निर्णय गरियो।

त्यसैगरी स्वास्थ्य चौकी चाँदेको बर्थिङ्ग सेन्टरमा ज्यालादारीमा अनवरत रुपमा कार्यरत कार्यालय सहयोगी श्री प्रेमा रेउलेलाई बर्थिङ्ग सेन्टरमा काम गरे बापत मासिक तलब रु ८,०००।- (आठ हजार मात्र) अन्य सुविधा प्रचलित कानून अनुसार हुने गरि मिति २०७५ साउन १ गते देखि लागु हुने गरि करार सेवामा नियुक्ति गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं २**

सिद्ध कुमाख गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ को स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं ३**

सिद्ध कुमाख गाउँपालिकाको आर्थिक बर्ष २०७४।०७५ आन्तरिक लेखापरीक्षणको लागि कोष तथा लेखा नियत्रण कार्यालय सल्यानलाई अनुरोध गर्ने निर्णय सर्वसम्मतिले निर्मण गरियो।

**निर्णय नं ४**

सिद्ध कुमाख गाउँपालिकाको शिक्षा समितिको मिति २०७५।०४।३० बसेको बैठकका सबै निर्णयहरु अनुमोदन गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं ५**

नेपाल सरकारले स्वकृत गरेको स्थानीय तहको दरबन्दी तेरिज अनुसार सिद्ध कुमाख गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यलयहरुमा आवश्यक कार्मचरी नभएकोले तत तत कार्यालयबाट हुने सेवा प्रवाह प्रवाहित भएको हुँदा आवश्यक कर्मचारी तत्काल पठाउनको लागि नेपाल सरकारसँग अनुरोध गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं ६**

सिद्ध कुमाख गाउँपालिकाको विकास निर्माणको काम छिटो छरितो रुपमा सम्पन्न गर्न तथा आ.व. २०७५।७६ को लागि लिइएको राजश्व संकलनको लक्ष्य पुरा गर्न आ.व. २०७५।७६ स्वकीकृत कार्यक्रम अनुसार एक वटा भ्याक्हो लोडर खरिद गर्नको लागि आवश्यक प्रकृया तत्काल सुरु गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं ७**

सिद्धेश्वरी स्वास्थ्य चौकीको भवनसम्म जाने बाटो साघुरो तथा भवन पहिरोको उच्च जोखिममा रहेको हुँदा तत्कालको लागि साविकको सिद्धेश्वरी गाविस भवनलाई आवश्यक मर्मत गरि स्वास्थ्य चौकीलाई प्रयोग गर्न दिने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं ८**

सिद्ध कुमाख गाउँपालिकाबाट तोकिएको दररेटमा नघट्नेगरी सिद्ध कुमाख गाउँपालिका क्षेत्रभित्र संकलन भई आन्तरिक खपत वा अन्य स्थानीय तह वा जिल्ला निकासी पैठारीका लागि ढुंगा गिटी बालुवा ग्राभेल माटो र जडिबुटी कवाडी जीवजन्तु एवं कृषिजन्य मालबस्तु निकासीमा कर दस्तुर शुल्क संकलनको लागि शारदा खोलाबाट संकलन हुने ढुंगा गिटी बालुवा ग्राभेल माटो संकलनको न्यून्तम मूल्य रु ३,००,०००।— (तीन लाख मात्र) तथा कवाडी जीवजन्तु एवं कृषिजन्य मालबस्तु निकासीमा संकलन हुने कर दस्तुर शुल्कको न्यूनतम मूल्य रु २,००,०००।—(दुई लाख मात्र) तोकी सिलबन्धी दरभाउपत्र आवहान गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं ९**

सिद्ध कुमाख गाउँ कार्यपालिकाको २ नं वडा कार्यालयको लागि मासिक रु १४,०००।-(चौध हजार मात्र) तलब तथा अन्य सुविधा सेवा प्रचलित कानून अनुसार हुने गरी खुला प्रतिस्पर्धा मार्फत करार सेवामा सामाजिक परिचालक नियुक्ती गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं १०**

सिद्ध कुमाख गाउँ कार्यपालिकामा कार्यरत सुचना प्रविधि अधिकृत श्री भिमलाल भण्डारीको पारिश्रमिक सम्बन्धमा निजले खाइपाइ आएको तलब स्केलको २५ प्रतिशत रकम सिद्ध कुमाख गाउँ कार्यपालिकाको कार्यालयले ब्यहोर्ने गरि २०७५ श्रावन १ देखि लागु हने गरी २०७५ साल मंसिर मसान्त सम्म भएको म्याद थपलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ११**

सिद्ध कुमाख गाउँपालिकाभित्र दैविक प्रकोप पिडितलाई वडाको सिफारिस र वडा मुचुल्काको आधारमा रु ५००० गाउँ कार्यपालिकाको कार्यालयबाट तत्काल राहत उपलब्ध गराउने निर्णय गरियो।सो भन्दा बढी राहत उपलब्ध गराउनु परेमा कार्यपालिकाको निर्णय बमोजिम हुने निर्णय गरियो।

**निर्णय नं १२**

सिद्ध कुमाख गाउँ कार्यपालिकाको नियमित बैठक प्रत्येक महिनाको ६ गते बस्ने र कर्मचारीहरुको नियमित स्टाफ बैठक प्रत्येक महिनाको १ गते बस्ने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं १३**

आ व २०७५।७६ को स्वीकृत कार्यक्रम अनुसार यस गाउँपालिकाको वडा नं ५ को छापडाँडा खानेपानी योजनाको लागि गैरसरकारी संस्था स्वच्छता सल्यानको लागत साझेदारीमा कार्यान्यन गर्ने गरि सम्झौताको प्रकृया अघि बढाउने सर्वसम्मतले निर्णय गरियो।